आर्थिक बर्ष २०७६/७७
को
नीति, कार्यक्रम तथा बजेट

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्ड

विषय सूची

क्र.सं.	विषय	पेज नं.
परिच्छेद-एक		
१.	वोर्डको परिचय	१
१.१	वैदेशिक रोजगार बोर्डको प्राथमिकता तथा कार्य क्षेत्र	१
परिच्छेद-दुई		
२.	गत आ.ब. को समीक्षा	२
२.१	कार्यान्वयन हुन नसकेका कार्यक्रमहरू तथा कारण	४
२.२	गत आ.ब. को विनियोजन र खर्च	५
२.३	उपलब्धी (भौतिक तथा वित्तिय)	५
२.४	प्रमुख समस्या तथा चुनौतीहरू	६
परिच्छेद-तीन		
३.	नेपाल सरकारको नीति तथा प्राथमिकता	७
३.१	आ.ब. ०७६/७७ को लागि बोर्डको बार्षिक नीति, कार्यक्रम र बजेट	९
	३.१.१ नीति	९
	३.१.२ उद्देश्य	९
३.२	आ.ब. ०७६/७७ को अनुमानित आय व्ययको विवरण	१०
	क) अनुमानित आयको विवरण	१०
	ख) अनुमानित व्ययको विवरण	११
३.३	आ.ब. ०७६/७७ का लागि प्रस्तावित कार्यक्रम तथा बजेट	११

अनुसूची-एक : आ.ब. ०७६/७७को प्रस्तावित बजेट

अनुसूची-दुई : आ.ब. ०७५/७६को प्रगति विवरण

परिच्छेद-एक

१. बोर्डको परिचय

सुरक्षित वैदेशिक रोजगारीलाई प्रवर्द्धन गर्दै सुरक्षित, व्यवस्थित, मर्यादित र तुलनात्मक रूपमा बढी लाभदायी बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने प्रस्तावना राखी वैदेशिक रोजगार ऐन, २०६४ को तर्जुमा गरी कार्यान्वयन भइरहेको छ । उक्त ऐनको दफा (३८) अनुसार माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा वैदेशिक रोजगार बोर्डको गठन गरिएको र सोही ऐनको दफा (३९) मा वैदेशिक रोजगार बोर्डको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । बोर्डको निर्णय कार्यान्वयन प्रयोजन मिति २०६५ कार्तिक १८ गते बोर्ड सचिवालयको स्थापना भएपछि वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारको हक, हित र कल्याणका लागि निरन्तर रूपमा कृयाशील रही आएको छ । मिति २०७४।०४।१६ गते नेपाल सरकारले वैदेशिक रोजगार नियमावली, २०६४ को तेस्रो पटक संशोधन गरेको छ । यसले वैदेशिक रोजगारका क्षेत्रमा रहेका अष्पष्टताहरूलाई थप प्रष्ट्याई वैदेशिक रोजगार बोर्डको भूमिकालाई थप सशक्त बनाएको छ ।

१.१ वैदेशिक रोजगार बोर्डको प्राथमिकता तथा कार्य क्षेत्र

(क) वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारका सदस्यहरूको हक हितको संरक्षण गर्ने ।

(ख) वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न समस्यामा परी अलपत्र परेका कामदारको उद्दार गरी नेपाल फर्काउने तथा अलपत्र परेका शव नेपाल झिकाई मृतकको घर ठेगानासम्म पुर्‍याउने ।

(ग) वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अनिवार्य पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम तथा शुल्क निर्धारण एवं अनुगमन गर्ने ।

(घ) सीप तालिमका लागि पाठ्यक्रम तथा शुल्क निर्धारण, सीप परीक्षण एवं अनुगमनसम्बन्धी कार्य गर्ने ।

(ङ) सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी विविध सचेतनामूलक श्रव्य/दृष्य एवं सूचना सामग्रीहरूको निर्माण, प्रकाशन तथा वितरण गर्ने ।

(च) वैदेशिक रोजगारीबाट फर्केका कामदारको क्षमता अभिवृद्धि, सामाजिक तथा आर्थिक पुनर्एकीकरण कार्यक्रमहरू संचालन गर्ने र गराउने ।

(छ) कामदार र कामदारका परिवारका सदस्यहरूको स्वास्थ्य उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने तथा मृत्यु तथा अंगभंग भएका कामदारका परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति सहायता उपलब्ध गराउने ।

(ज) वैदेशिक रोजगारीका विविध सवालहरूमा अध्ययन तथा अनुसन्धान गर्ने तथा गराउने ।

(झ) वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

(ञ) गन्तव्य मुलुकहरूमा नेपाली दूतावाससँगको समन्वयनमा कामदारको सुरक्षासम्बन्धी कार्य गर्ने ।

परिच्छेद-दुई

२. गत आ.ब. को समीक्षा

निर्धारित लक्ष्य अनुरूप कार्य सम्पन्न भएको हिसावले समग्रमा आर्थिक वर्ष ०७५/७६ उपलब्धीमूलक रह्यो । बोर्डको अनिवार्य दायित्वतर्फ कामदार कल्याणकारी कार्यका लागि उक्त आ.ब. भित्र ६२ करोड ३६ लाख ५४ हजार खर्च भएको छ । उक्त रकम वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएकालाई नियमानुसार आर्थिक सहयोग गर्न, कामदारका परिवारलाई स्वास्थ्य उपचारमा, पूर्व प्रस्थान अभिमुखीकरण तालिम लिए वापत महिला कामदारलाई शोधभर्ना गर्न, विदेशमा अलपत्र परेका कामदार एवं अलपत्र शवहरू नेपाल भिकाउन, वैदेशिक रोजगारछात्रवृत्ति वितरण लगायतका कार्यहरूमा खर्च भएको हो ।

आ.व. २०७५/०७६ को कल्याणकारी कार्यको विवरण

स.नं.	क्रियाकलाप	महिला	पुरूष	जम्मा	खर्च भएको रकम रू
१	मृतक कामदारका परिवारलाई आर्थिक सहायता	२३	७३०	७५३	४८४,९४०,०००.००
२	अंगभंग/विरामी भएका कामदारलाई आर्थिक सहायता	१२	३२३	३३५	९१,४१३,६९९.००
३	कामदारका परिवारलाई औषधोपचार सहयोग	९	२०	२९	१,२१५,०००
४	अलपत्र कामदार नेपाल भिकाउन टिकट खर्च वापत नियोगमा रकम पठाइएको	५	७३	७८	६,५६५,५५४.००
५	अलपत्र कामदारको शव नेपाल ल्याउन नियोगमा पेश्की रकम पठाइएको	१	८१	८२	७,८५८,८०६.००
६	मृतकको शव घर ठेगाना सम्म शव ढुवानी गरिएको	१७	७६६	७८३	१५,७६०,००५.००
७	अभिमुखीकरण तालिम वापतको रकम शोध भर्ना	१४८०	०	१४८०	१०३६,०००.००
८	वैदेशिक रोजगार छात्रवृत्ति वितरण	६९१	७४२	१४३३	१४,८६५,०२४.००
	कुल	२२३८	२७३५	४९७३	६२३,६५४,०८८.००

सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना प्रवाह गर्ने कार्यमा पनि यो आर्थिक वर्ष महत्वपूर्ण रह्यो । खासगरी, बोर्डको पुरानो वेवसाईट हटाएर बोर्ड सचिवालयबाट सम्पन्न सबै क्रियाकलापहरू र यससँग सम्बन्धित सम्पूर्ण सूचनाहरू, अद्यावधिक गरिएका तथ्यांकहरू संख्यात्मक वा चित्रात्मक रूपमा हेर्न मिल्ने गरी नयाँ वेवसाईट निर्माण गरिएको छ । सकेसम्म स्वदेशमा नै श्रम गरौं, वैदेशिक रोजगारीमा जानु नै छ भने सबै कुरा राम्रोसँग बुझेर मात्र जानुपर्छ भन्ने सन्देश सहितका श्रव्य सामग्रीहरू रेडियो तथा एफ.एम. रेडियो मार्फत् प्रसारण गरिएका छन् । यसका अलावा अभिमुखीकरण तथा सीप तालिमको महत्व झल्किने श्रव्य तथा श्रव्य दृष्य सामग्रीहरू समेत निर्माण गरी रेडियो र टेलिभिजनहरूबाट प्रसारण गरिए । साथै, नेपाल टेलिभिजन र रेडियो नेपालबाट नियमित रूपमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरू प्रसारण गरिए भने वैदेशिक रोजगार विभागको मोबाईल एपबाट संसारका जुनसुकै ठाउँबाट समेत सुन्न सकिने गरी अनलाईन रेडियो परीक्षणको रूपमा सञ्चालनमा ल्याईएको छ । बोर्ड सचिवालय स्थापनाको एक दशक पार गरेको अवसरमा सचिवालयले अन्तर्राष्ट्रिय आप्रवासन दिवसको दिन एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी बोर्डबाट प्रकाशित स्मारीका सार्वजनिक तथा वितरण गरेको थियो । यो स्मारीकाको माग स्थानीय तहमा बढ्दै गएको हुँदा पुनः प्रकाशित गरिएको छ । सचिवालयमा राष्ट्रिय आप्रवासन सूचना केन्द्रको स्थापना गरिएको छ ।

पूर्व प्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रमलाई परिमार्जन गरी ३ दिन १८ घण्टाको बनाईएको छ भने पाठ्यक्रमलाई खाडी मुलुक, मध्यपूर्व, मलेसिया, जापान/कोरिया,

ईजरायल र अन्य गरी ६ वटा क्लष्टरमा विभाजन गरी तालिम म्यानुअलहरू विकास गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको छ । पाठ्यक्रममा वैदेशिक रोजगारीको क्रममा यात्राको दौरान बुझ्नै पर्ने कुराहरू, तनाव व्यवस्थापन, कार्यस्थल सुरक्षाका उपायहरू, स्वास्थ्य सुरक्षा, विप्रेषणको सदुपयोग, सम्बन्धित देशको श्रम कानुन, भाषा, संस्कृति लगायतका महत्वपूर्ण विषयहरू समावेश गरिएका छन् । अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन यससँग सम्बन्धित कार्यविधिलाई समेत समय सापेक्ष रूपमा संशोधन गरिएको छ ।

सीप तालिम सम्बन्धमा १२ वटा सीप तालिम पाठ्यक्रमहरूलाई परिमार्जन गरी राष्ट्रिय सीप परीक्षण समितिको तह १ बराबर अर्थात् न्यूनतम् १६० घण्टा (३० कार्यदिन) को बनाईएको छ भने प्रत्येक सीप विषयमा शुल्क समेत पुनरावलोकन गरिएको छ । यसका साथै थप ७ वटा सीप तालिम विषयमा नयाँ पाठ्यक्रम तर्जुमा गर्ने कार्य समेत अगाडि बढाईएको छ । सीप तालिमलाई नतिजामुखी बनाउने उद्देश्यले यससँग सम्बन्धित पाठ्यक्रम परिमार्जन गरिएको छ भने सीप तालिमलाई वैदेशिक रोजगार विभागको अनलाईन पद्दतिमा एकीकृत गर्न छुट्टै सफ्टवेयर विकास गर्ने कार्य सम्पन्न गरिएको छ । CTEVT को आंगिक स्कुल बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौसँग सम्झौता गरी वैदेशिक रोजगार लक्षित ईलेन्ट्रिसियन र प्लम्बरको निशुल्क तालिम सञ्चालन गरी सीप परीक्षण समेत गरिएको छ । यस्तै गरी यसै वर्षदेखि वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई राष्ट्रिय सीप परीक्षण समितिमार्फत् निशुल्क सीप परीक्षण सम्पन्न भएको छ ।

गत आ.ब. मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गतका सबै निकायहरूबाट हुने गरेका काम कारवाहीहरू प्रति महत्वपूर्ण जानकारी दिने, सकारात्मक सुझाव ग्रहण गर्ने र सेवाग्राहीहरूको गुनासो सुनुवाई गर्ने उद्देश्यले मन्त्रालयमा अत्याधुनिक प्रविधि सहितको "कल सेन्टर" को स्थापना र सञ्चालन गर्ने कार्य सम्पन्न गरिएको छ । गुनासो सुनुवाई सम्बन्धमा सम्बन्धित निकायबाट सम्बोधन भए नभएकोबारे माननीय मन्त्रीज्यू तथा सचिवज्यूबाट अनलाईनबाटै अनुगमन गर्न सकिने व्यवस्था समेत गरिएको छ । मिति २०७५ चैत्र १८ गते कल सेन्टरको स्थापना भएदेखि असार मसान्तसम्म कूल ५,७४४ जनाले कल सेन्टरमा सम्पर्क गरेका छन् । यसमध्ये देशभित्र (११४१/१६६०००१५०००५) बाट ४,९३२ जनाले, विभिन्न देशहरूबाट टेलिफोनमार्फत् १०९ जनाले, ईमोबाट ५५७ जना, भाईबरबाट १०१ जना र फेसबुक मेसेन्जरबाट ४५ जनाले कल सेन्टरमा सम्पर्क गरेका छन् । यसमध्ये बोर्डसँग सम्बन्धित सूचना तथा गुनासाहरू तत्कालै सम्बोधन गरिएका छन् । श्रम कल सेन्टरको व्यवस्थापनका लागि छुट्टै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूको कल्याणका लागि विदेशस्थित नियोगहरूमा संचालित सुरक्षित गृहको स्तरोन्नति र जनसम्पर्क अधिकृत परिचालनका लागि बोर्डबाट आर्थिक सहायता उपलब्ध गराइएको छ । यस आ.ब. मा विदेशमा कामदारको अवस्थाको जानकारी लिन, नियोगसँगको बेरूजू फर्छौटमा सहजीकरण गर्न, सीप तालिम र अभिमुखीकरण लगायतका विषयमा अध्ययन गर्न कुवेत र यु.ए.ई. मा छुट्टाछुट्टै टोलीबाट भ्रमण समेत सम्पन्न भएको छ । उक्त टोलीले सम्बन्धित मुलुकमा महिला कामदारको अवस्था, कामदार स्वास्थ्य, जेलमा परेका कामदारसम्बन्धमा समेत

अध्ययन गरेको थियो । स्वदेशभित्र समेत वैदेशिक रोजगार विभाग अन्तर्गत ताहाचल कार्यालयमा सेवाग्राहीहरूको सुविधाका लागि बस्ने कुर्सीहरू, पिउने पानी, फ्रि वाईफाई सुविधा तथा मागका आधारमा ताहाचल र प्रदेशस्तरीय कार्यालयहरूमा प्रिन्टर लगायत अन्य सामग्रीहरू उपलब्ध गराईएको थियो ।

वैदेशिक रोजगारीबाट फर्केका कामदारको सामाजिक तथा आर्थिक पुनर्एकीकरण गर्ने उद्देश्यले कार्यक्रमको विस्तृत खाका सहित कार्यविधि तर्जुमा गर्ने काम सम्पन्न भएको छ । यस अन्तर्गत वित्तीय साक्षरता परीक्षणको रूपमा कार्यान्वयन गरिएको छ । काठमाडौं, नवलपरासी र बुटवलमा सम्पन्न कार्यक्रममा कूल ७७५ जना सहभागी भएका थिए । यस्तैगरी, सुरक्षित वैदेशिक रोजगारी, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमबारे स्थानीय संचार माध्यमबाट सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रदेश नम्बर १, ४ र ५ मा संचारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएका छन् ।

वैदेशिक रोजगारीसम्बन्धी अध्ययन अनुसन्धानतर्फ बोर्डको विभिन्न मितिमा भएको निर्णयानुसार गठित देहाय बमोजिमका कार्यदलबाट प्राप्त अध्ययन प्रतिवेदनमा समावेश भएका सुझावहरूलाई कार्यान्वयन गर्ने कार्य तदारूकताका साथ अगाडि बढाईएको छ -

- नेपाल सरकारका पूर्व सचिव श्री पूर्णचन्द्र भट्टराईको संयोजकत्वमा वैदेशिक रोजगार सुधार सुझाव कार्यदल,
- अन्तर्राष्ट्रिय श्रम बजारको विश्लेषण गरी श्रमिकको माग गर्ने तुलनात्मक रूपले सुरक्षित र प्रतिफलयुक्त देशहरूको पहिचान गर्ने र सरकारी स्तरबाट कामदार पठाउन सकिने सम्भाव्य मुलुकहरू पहिचान गरी सुझाव दिन हाल मलेसियाका लागि नेपाली राजदूत श्री उदयराज पाण्डेको संयोजकत्वमा गठित कार्यदल,
- नेपाली श्रमिकले विदेशमा कमाएको रकम बैंक तथा वित्तीय संस्थाबाट नेपाल भित्र्याउन र वैदेशिक रोजगारबाट प्राप्त अनुभव, सीप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्ने व्यवस्था मिलाउने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री महेशप्रसाद दाहालको संयोजकत्वमा गठित कार्यदल,
- नेपाली नियोगहरूमा स्थानीय कर्मचारी व्यवस्थासम्बन्धमा सुझाव पेश गर्न मन्त्रालयका सह सचिव श्री राम प्रसाद घिमिरेको संयोजकत्वमा गठित कार्यदल ।
- विप्रेषणको प्रभावकारी उपयोग र वैदेशिक रोजगारीको सामाजिक मूल्य सम्बन्धी २ वटा छुट्टाछुट्टै विशेषज्ञ टोलीबाट अध्ययन अनुसन्धान सम्पन्न भएको ।

२.१ कार्यान्वयन हुन नसकेका कार्यक्रमहरू तथा कारण

गत आ.ब. मा केही कार्यक्रमहरू कार्यान्वयनमा ल्याउन सकिएन । खासगरी सि.टि.ई.भि.टी. बाट सञ्चालन हुने प्राविधिक विषयको उच्च शिक्षामा छात्रवृत्ति कार्यक्रम उक्त संस्थाको कार्य तालिकासँग सचिवालयको कार्य सञ्चालनको समय नमिलेको हुँदा कार्यान्वयनमा ल्याउन सकिएन । त्यस्तैगरी, सामाजिक आर्थिक पुनर्एकीकरण सम्बन्धी कार्यक्रमको विस्तृत प्याकेज सहित कार्यविधिको अभावमा मनोसामाजिक परामर्श सेवा सहितको सेफ हाउस सञ्चालनमा ल्याउन नसकिएको र सचिवालयको संस्थागत तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) स्वीकृत हुन बाँकी रहेकोले प्रदेश तहमा श्रम तथा रोजगार

कार्यालयभित्रै रहने गरी बोर्डको सम्पर्क इकाई स्थापना र संचालनमा आउन सकेन । एच.आई.भी. तथा यौनजन्य स्वास्थ्य परीक्षण नेपाल सरकारबाट निशुल्क रूपमा भैरहेको हुँदा कार्यक्रममा दोहोरोपना हुने देखिएकोले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएन । नियोगहरूमा नियमित रूपमा सम्पर्क गरिएको भए तापनि नगन्य मात्रामा सिफारिस प्राप्त हुँदा वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा कार्यक्रम प्रभावकारी हुन सकेन । वैदेशिक रोजगार नीतिको पुनरावलोकन तथा परिमार्जन, दुई पक्षीय सन्धी तथा सम्झौताको पुनरावलोकन मन्त्रालयको कार्यक्रममा रहेको र मन्त्रालयबाट नै कार्यान्वयनमा ल्याइएको हुँदा यी कार्यक्रमहरू कार्यान्वयनमा नल्याइएको हो । यसका अतिरिक्त आवश्यकता र औचित्यका आधारमा कम प्राथमिकतामा रहेका वैदेशिक भ्रमणसँग सम्बन्धित केही कार्यक्रमहरू समेत कार्यान्वयनमा ल्याईएन । यिनै कारणहरूले गर्दा वित्तीय प्रगति अपेक्षित रूपमा कम देखिन गएको हो । यसका अतिरिक्त, यस आ.ब. को नीति, कार्यक्रम तथा बजेट स्वीकृत हुन केही महिना ढिला हुनु, केही नवप्रवर्तनका कार्यहरू सम्पन्न गर्नुपर्ने र निर्देशिका तथा कार्यविधिको पुनरावलोकन एवं परिमार्जनका कार्यहरूमा बढी समय खर्चिनु परेको कारणले पनि तोकिएका सबै कार्यक्रमहरू कार्यान्वयन गर्न सकिएन ।

२.२ गत आ.ब. को विनियोजन र खर्च

आर्थिक बर्ष ०७५।७६ मा चालु खर्च कार्यक्रमतर्फ (कल्याणकारी कार्य, कार्यक्रम खर्च, कार्यालय व्यवस्थापन खर्च) जम्मा रू १ अर्ब २८ करोड ७६ लाख विनियोजन भएकोमा ६८ करोड ६ लाख ५६ हजार खर्च भएको थियो । पुँजीगततर्फ (फर्निचर फिक्चर्स, मेसिनरी औजार र सवारी साधन मोटरसाइकल) रू २७ लाख ५० हजार विनियोजन भएकोमा २७ लाख ५० हजार खर्च भएको थियो । यसैगरी नेपाल सरकारबाट विनियोजित रकम चालु खर्च तर्फ १ करोड ७ लाख विनियोजन भएकोमा ९८ लाख १२ हजार खर्च भएको थियो । आ.व. ०७५।७६ को प्रगति विवरण अनूसुचीमा समावेश गरिएको छ ।

२.३ उपलब्धी (भौतिक तथा वित्तीय)

यस आ.ब. मा भौतिक प्रगति नेपाल सरकार स्रोत तर्फ १००% र कोषको स्रोत तर्फ ८९% रहेको छ । वित्तीय प्रगतिको हकमा नेपाल सरकार स्रोततर्फ ९१% र कोषको स्रोत तर्फ ५३% रहेको छ भने बेरूजू फर्छौट ५५% रहेको छ । लक्ष्य नतोकिएका देहाय बमोजिमका कार्यहरू समेत यस आ.ब. मा सम्पन्न भएका छन् -

- सेवाग्राहीको सहज पहुँच, विभाग तथा मन्त्रालयसँगको दूरी आदिलाई ध्यानमा राखी बोर्डको सचिवालयलाई बानेश्वरबाट बबरमहलस्थित नेपाल औषधी लिमिटेडको भवनमा आवश्यक मर्मत सम्भारसहित स्थानान्तरण गरिएको ।
- वैदेशिक रोजगारबाट फर्की आएका १८,७६७ जना युवाको पहिचान तथा स्वरोजगार हुन चाहेको क्षेत्रगत विवरण संकलन गरी सिफारिस सहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत् अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैकमा पेश गरिएको ।
- वैदेशिक रोजगारीको क्रममा करार अवधिभित्र विरामी भै वा विदामा नेपाल फर्किएको तथा नेपालमा उपचारको क्रममा मृत्यु भएका ११४ जना कामदारका

परिवारलाई नियमानुसार आर्थिक सहायता दिने निर्णय कार्यान्वयन शुरू गरिएको ।

- वैदेशिक रोजगारीको क्रममा दूर्घटनामा परी गम्भीर चोटका कारण कोमामा उपचाररत वा पक्षघात भै उपचाररत् कामदारलाई नेपाल ल्याई उपचार गराउन पहल अगाडि बढाईएको थियो । यसै क्रममा दक्षिण कोरियामा वैदेशिक रोजगारीको सिलसिलामा दूर्घटनामा परी कोमामा उपचाररत झापाका ओमनाथ ढकाललाई परिवारको आग्रह तथा जिम्मेवारी हुने गरी नेपाल ल्याई विर अस्पतालमा उपचारका लागि आवश्यक सहयोग प्रदान गरिएको ।
- वित्तीय सुधारतर्फ विभिन्न बाणिज्य बैंकहरूमा ब्याज नआउने गरी कल तथा चल्ती खातामा थुप्रिरहेको ७४ करोड रकम ब्याज आउने गरी विभिन्न बाणिज्य बैंकहरूमा पुनः लगानी गरिएको ।

आर्थिक वर्ष ०७५/७६ मा सम्पन्न उल्लेखित महत्वपूर्ण कार्यहरूका अलावा सम्पन्न भएका अन्य कार्यहरूको विस्तृत विवरण समेत समेटी सचिवालयबाट छुट्टै प्रगति विवरण प्रकाशन तथा वितरण गरिने योजना रहेको छ । प्रकाशनका लागि तयार पारिएको उल्लेखित आ.ब. को प्रगति प्रतिवेदन अनुसूची-२ मा समावेश गरिएको छ ।

२.४ प्रमुख समस्या तथा चुनौतिहरू

- मौजुदा निर्देशिका, कार्यविधि तथा मापदण्डहरू समयसापेक्ष रूपमा परिमार्जन गरी कार्यान्वयनमा लानु पर्दा तथा लक्ष्य नतोकिएका केही महत्वपूर्ण कार्यहरू कार्यान्वयन गर्नु परेको हुँदा लक्षित कार्यक्रमहरू सम्पन्न गर्न कठिन भएको,
- कामदारको उद्दार तथा मृतक कामदारको शव समयमा नेपाल ल्याउन समस्या,
- न्यून जनशक्तिबाट अधिक कार्यक्रमहरू कार्यान्वयन गर्न समस्या भएको ।

परिच्छेद-तीन

३. नेपाल सरकारको नीति र प्राथमिकता

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको छनौट गर्न पाउने संवैधानिक हक प्राप्त छ । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र शोषणमुक्त बनाउन यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ । यो व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै बाध्यतावश हुने वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने, न्यूनतम् सीपयुक्त जनशक्तिलाई पूर्णरूपमा सुसूचित एवं सचेत बनाएर मात्रै वैदेशिक रोजगारीमा पठाउने र प्राप्त हुने सीपयुक्त जनशक्ति तथा विप्रेषणलाई राष्ट्र निर्माणमा उपयोग गर्ने नीति राज्यले लिएको छ ।

पन्ध्रौं योजना (आ.ब. ०७६/७७-०८०/८१) आधारपत्रको दीर्घकालीन राष्ट्रिय रणनीतिले तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखेको छ । मुलुकको आर्थिक रूपान्तरणका लागि प्रमुख सम्वाहकको रूपमा गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग गर्ने तथा यसका लागि सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदायलाई सहयोगी क्षेत्रको रूपमा अंगिकार गरेको छ । उक्त योजनाको परिच्छेद १० को रणनीति ५ मा वैदेशिक रोजगारीका चक्रलाई सुरक्षित, मर्यादित, शोषणमुक्त र अधिकतम प्रतिफलदायक बनाउने उल्लेख गरिएको छ । यस अन्तर्गत वैदेशिक रोजगारको क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि देहाय बमोजिमका कार्यनीतिहरू राखिएका छन् :

१. प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्नुका साथै विदेशमा रहेका नेपाली श्रमिकहरूको हक हितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कूटनीति अवलम्बन गरिनेछ ।

२. गन्तव्य मुलुकमा कामदारको हक हितको संरक्षण, प्रवर्द्धन र उद्धारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली संघ संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिनेछ ।

३. सबै सरोकारवालाहरूको प्रतिनिधित्व रहने गरी वैदेशिक रोजगार परिषद्को स्थापना गरिनेछ ।

४. देशलाई आवश्यक पर्ने जनशक्तिको पहिचान र व्यवस्थापन गर्दै जगेडा श्रमिकलाई गन्तव्य मुलुकसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारमा पठाउने व्यवस्था गरिनेछ ।

५. भारतमा रोजगारीका लागि जाने कामदारले स्थानीय तहमा दर्ता हुने, परिचयपत्र जारी गर्ने र बीमा/कल्याणकारी कोषमा आबद्ध गराउने कानुनी व्यवस्था कार्यान्वयन गरिनेछ ।

६. वैदेशिक रोजगारको लागि जानेहरूको पूर्व अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित गरिनेछ । साथै, सबैखाले विकृतिहरूको कडाईका साथ नियन्त्रण गरिनेछ ।

आ.ब. ०७६/७७ को सरकारको नीति तथा कार्यक्रमको बुँदा नम्बर १७६ मा युवा उद्यमीलाई व्यवसाय संचालनका लागि सुरूआती पुँजी लगायतका सुविधा विस्तार गरिने, प्राविधिक, व्यवसायिक र सीपमूलक तालिम उपलब्ध गराई स्वदेशमा नै रोजगारीका लागि युवालाई आकर्षित गरिने नीति उल्लेख गरेको छ । बुँदा नम्बर १७८ मा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न थप मुलुकसँग श्रम सम्झौता गरिने र वैदेशिक रोजगारीलाई मर्यादित तथा सुरक्षित बनाईने उल्लेख छ भने बुँदा नम्बर १७९ मा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको व्यवसायजन्य स्वास्थ्य एवं सुरक्षा, वीमा, उचित पारिश्रमिक तथा सेवा सुविधा रोजगारदाताबाटै लागत व्यहोर्ने गरी गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने कार्यलाई विस्तार गरिने कुरा उल्लेख गरिएको छ ।

आ.ब. ०७६।७७ को बजेटमा समेत यो कुराले प्राथमिकता पाएको छ । बजेटमा वैदेशिक रोजगारीमा रहेका व्यक्तिलाई बैंकिङ प्रणाली मार्फत् विप्रेषण आय पठाउन र उत्पादक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने र कृषि सीप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई अर्ग्यानिक कृषि व्यवसाय गर्न प्रोत्साहित गर्ने कुरा उल्लेख गरिएको छ ।

अर्कोतर्फ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (थ) बेरोजगारको तथ्यांक संकलन अन्तर्गत बुँदा नम्बर (४) मा सुरक्षित बैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन, (५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, (६) वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, (७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण र (८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्ने कार्यनीति उल्लेख भएका छन् ।

वैदेशिक रोजगार बोर्डको मिति २०७५।१।३ को निर्णयानुसार वैदेशिक रोजगारको क्षेत्रमा समग्र सुधारका लागि सुझाव दिन, सम्भावित गन्तव्य मुलुक, सरकारी स्तरबाट श्रमिक पठाउने सम्भाव्यता र श्रमिकहरूको सेवा शुल्क सम्बन्धी सुझाव दिन र वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकले विदेशमा कमाएको रकम बैंक तथा वित्तीय संस्थाबाट नेपाल भित्र्याउने र वैदेशिक रोजगारबाट प्राप्त अनुभव, सीप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने व्यवस्था मिलाउने सम्बन्धमा सुझाव दिन गठित कार्यदलहरूबाट महत्वपूर्ण सुझावहरू सहित प्रतिवेदन प्राप्त हुन आएको छ । उक्त कार्यदलहरूका सुझावहरूलाई समेत आधार बनाएर नीति तथा कार्यक्रम प्रस्ताव गरिएका छन् ।

यसरी नेपालको संविधान, पन्ध्रौं योजना, नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन र वैदेशिक रोजगार ऐन तथा नियमावलीले निर्दिष्ट गरेका काम कर्तव्य तथा भूमिका लगायत माथि उल्लिखित कार्यदलवाट प्राप्त महत्वपूर्ण सुझावहरू समेतका आधारमा तथा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान चाहने, गएका र वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदार एवं तिनका परिवारको हितलाई केन्द्रविन्दुमा राखी आ. व. ०७६।७७ का लागि वैदेशिक रोजगार बोर्डको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

३.१ आ.ब. २०७६।७७ को लागि बोर्डको वार्षिक नीति, कार्यक्रम र बजेट

३.१.१ नीति

(क) वैदेशिक रोजगारीबाट पीडित कामदार तथा तिनका परिवारलाई प्रदान गरिने आर्थिक सहायताको प्रक्रियालाई सरलीकृत गरी स्थानीय तहमा नै सहज रूपमा प्राप्त गर्न सकिने गरी विस्तार गरिनेछ ।

(ख) वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि नयाँ पाठ्यक्रमका आधारमा देशगत तालिम म्यानुअल र श्रव्य/दृष्य सामग्री सहित अभिमुखीकरण तालिम सञ्चालनको व्यवस्था गरिनेछ ।

(ग) नेपाली कामदारहरूलाई न्यूनतम सीप सिकाएर मात्रै वैदेशिक रोजगारमा पठाउने उद्देश्यलाई हासिल गर्न नतिजामुखी सीप विकास तालिम कार्यान्वयनमा ल्याईनेछ ।

(घ) वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूका लागि उद्यमशीलताको विकास गरी स्थानीयस्तरमा नै स्वरोजगार बनाउन तथा रोजगारका अवसरहरू सृजना गर्न पुनर्एकीकरण कार्यक्रम स्थानीय तहको सहकार्यमा परीक्षणको रूपमा कार्यान्वयनमा ल्याईनेछ ।

(ङ) विदेशमा कार्यरत कामदारको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य उपचार परामर्श सेवा एवं प्राथमिक स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

(च) वैदेशिक रोजगारमा संलग्न कामदारहरूको अधिकतम हित र कल्याणका लागि विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

(छ) राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको स्थापना गरी सुरक्षित वैदेशिक रोजगारबारे स्थानीय तहमा संचालन गरिने आप्रवासी स्रोत केन्द्रको क्षमता अभिवृद्धि तथा सुरक्षित वैदेशिक रोजगारबारेको सचेतनामूलक सूचना प्रवाह गर्ने कार्यलाई प्रविधिको उच्चतम प्रयोग गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईनेछ ।

(ज) वैदेशिक रोजगारको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व लगायत अन्य समसामयिक विषयहरूमा अध्ययन अनुसन्धान गरिनेछ ।

(झ) वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

(ञ) बोर्ड सचिवालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने थप जनशक्ति लगायतका व्यवस्थापकीय कार्यहरू कार्यान्वयनमा ल्याईनेछ ।

३.१.२ उद्देश्य

(क) वैदेशिक रोजगारीको क्रममा पीडित कामदार तथा तिनका परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरण प्रणालीलाई अनलाईन पद्दति मार्फत सरलीकृत गर्ने ।

(ख) पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई थप गुणस्तरीय बनाउँदै यसको प्रभावकारी कार्यान्वयन मार्फत् वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई सुसूचित गर्ने ।

(ग) नतिजामुखी सीप तालिम मार्फत दक्ष र सीपयुक्त जनशक्ति तयार गरेर मात्रै वैदेशिक रोजगारीमा पठाउने सरकारको नीति कार्यान्वयनमा सहयोग गर्ने ।

(घ) वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप तथा विप्रेषणलाई राष्ट्रको आर्थिक विकासमा टेवा पुग्ने र आन्तरिक रोजगारीको श्रृजना हुने गरी लगानी गर्न सामाजिक तथा आर्थिक पुनर्एकीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) वैदेशिक रोजगारीमा संलग्न नेपाली कामदारको स्वास्थ्य लगायतका सुरक्षाका लागि विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वय थप प्रभावकारी बनाउने ।

(च) राष्ट्रिय आप्रवासन सूचना केन्द्रको स्थापना र संचालन मार्फत् आधिकारिक सूचना संप्रेषण, सचेतनामूलक एवं क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालनमा ल्याउने ।

(छ) सुरक्षित, व्यवस्थित तथा लाभदायी वैदेशिक रोजगारीका लागि नयाँ गन्तव्य मुलुकहरूको पहिचान एवं अन्य विविध पक्षहरूमा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा सहयोग पुर्याउने ।

३.२ आ.ब. ०७६/७७ को अनुमानित आय व्ययको विवरण

(क) अनुमानित आय विवरण :

(रू. हजारमा)

सि.नं.	आम्दानी शिर्षक	आ.ब. ०७४/७५ को यथार्थ आय	आ.ब. ०७५/७६ को		आ.ब. ०७६/७७ को	
			अनुमान	संशोधित अनुमान	अनुमानित	कूल अनुमानित
१	कोषमा हाल मौज्दात रहेको रकम	४,०३४,८८४	५,०५४,७२५	५,०५४,७२५		**५,५८२,५५६**
क)	मुद्दति खाता जम्मा				४,८४०,०००	
ख)	कल खाता				५७१,९३५	
ग)	चल्ती खाता				१७०,६२१	
२	आ.ब. ०७६/७७ को अनुमानित आम्दानी					
क)	श्रम स्वीकृतिबाट कल्याणकारी कोषमा जम्मा हुने	१,२०७,५९३	७५०,०००	७८२,३८७	९००,००० (रिईन्ट्री समेत गरी ८ लाख जनाको रू. १५००।०० दरले)	**१,४०६,७००**
ख)	ई.पि.एस. श्रम स्वीकृति	१९,०६५	२५,०००	९,६२०	१०,००० (४,००० जनाको रू २५००।०० का दरले)	
ग)	बैंक ब्याज आम्दानी (मुद्दति खाता)	३६०,५८४	४००,०००	४०३,८४५	४५०,०००	
घ)	बै.रो. विभागको धरौटी ब्याज	३३,५७०	३५,०००	१५,६८७	३०,०००	
ङ)	टेण्डर विक्री वापत	२८५	-	९६	२००	
च)	अन्य आम्दानी (वै.रो व्यवसायी, स्वास्थ्य संस्था, तालिम प्रदाक संस्थाहरूको दर्ता र नवीकरण शुल्क)	१,२५०	५,०००	१,३३६	१,५००	
छ)	नेपाल सरकारबाट अनुदान	९,९४८	१०,७००	९,८१२	१५,०००	
	जम्मा :	**५,६६७,१७९**	**६,२८०,४२५**	**६,२७७,५०८**	**६,९८९,२५६**	**६,९८९,२५६**

(ख) अनुमानित खर्च विवरण :

क	नियमित कल्याणकारी तथा कार्यक्रम खर्च	१ अर्ब ३० करोड १० लाख
ख	पुजीगत खर्च	५५ लाख
ग	कार्यालय संचालन खर्च	९० लाख
घ	नेपाल सरकार स्रोत	१ करोड ५० लाख
	बोर्डको आ.व. ०७६/७७ को लागि कुल अनुमानित खर्च	**१ अर्ब ३३ करोड ०५ लाख**
	कूल अनुमानित आय	**६ अर्ब ९८ करोड ९२ लाख**
	आगामी वर्षका लागि कोषमा वचत रहने अनुमानित रू.	**५ अर्ब ६५ करोड ८७ लाख**

३.३ आ.ब. ०७६/७७ का लागि प्रस्तावित कार्यक्रम तथा बजेट

(क) वैदेशिक रोजगारीबाट पीडित कामदार तथा तिनका परिवारलाई प्रदान गरिने आर्थिक सहायताको प्रक्रियालाई सरलीकृत गरी स्थानीय तहमा नै सहज रूपमा प्राप्त गर्न सकिने गरी विस्तार गरिनेछ ।

क्र.सं. **प्रस्तावित कार्यक्रमहरू**

१ मृतक कामदारका परिवारलाई आर्थिक सहायता (९०० जना)

२ अंगभंग वा गम्भीर विरामी भएका कामदारलाई तथा अशक्तता निर्धारण गरी दिइने आर्थिक सहायता (३५० जना)

३ वैदेशिक रोजगार नियमावली, २०६४ (तेस्रो संशोधन) को नियम (४६) तथा वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन निर्देशिकाको दफा ७ (२) बमोजिमको विशेषज्ञ समितिको व्यवस्थापन खर्च (४५ बैठक)

४ वैदेशिक रोजगार (तेस्रो संशोधन नियमावली), २०७५ को नियम (२८) को उपनियम (६) बमोजिम अन्य सुविधा नपाउनेहरूका लागि प्रदान गरिने (रू. दश हजार) आर्थिक सहायता (१०० जना)

५ कामदारका परिवारलाई वितरण गरिने स्वास्थ्योपचार खर्च (४० जना)

६ विद्यालयस्तरमा छात्रवृत्ति सञ्चालन (३,००० जना)

७ कामदारको शव निजको घर ठेगानासम्म पुर्‍याउने (८०० जना)

८ वैदेशिक रोजगारीमा जान छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिँदा तिरेको रकम शोधभर्ना (३,००० जना)

९ त्रि.अ.वि.मा प्रतिक्षालय सहितको मृतक कामदारको शव राख्ने कक्ष निर्माण/मर्मत (१ पटक)

१०. वैदेशिक रोजगार सूचना तथा सहायता कक्षको निर्माण (बुटिक) तथा सञ्चालन (वै.रो. विभागसँगको सहकार्यमा) (१ पटक)

(ख) वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि नयाँ पाठ्यक्रमका आधारमा देशगत तालिम म्यानुअल र श्रव्य/दृष्य सामग्री सहित अभिमुखीकरण तालिम सञ्चालनको व्यवस्था गरिनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
११	७ वटा क्लष्टरको अभिमुखीकरण तालिम म्यानुअलको तयारी र छपाई
१२	म्यानुअल अनुसारको श्रव्य दृष्य तालिम सामग्री विकास (१० वटा)
१३	देशगत गोजी पुस्तिका तयारी र प्रकाशन (१० मुलुकको लागि)
१४	प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी कार्यक्रम संचालन (प्रदेश स्तरमा TOT / Refreshment Training को लागि) (३ पटक)
१५	अभिमुखिकरण पूर्वधार निरीक्षण/तालिम अनुगमन (५ पटक)

(ग) नेपाली कामदारहरूलाई न्यूनतम सीप सिकाएर मात्रै वैदेशिक रोजगारमा पठाउने उद्देश्यलाई हासिल गर्न नतिजामुखी सीप विकास तालिम कार्यान्वयनमा ल्याईनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
१६	वैदेशिक रोजगारमूलक सीप विकास तालिम (१५ हजार जना)
१७	कामदारको सीप/सिकाइ परीक्षण (वैदेशिक रोजगारीबाट फर्केका कामदारहरूको निशुल्क सीप परीक्षण समेत) (२,००० जना)
१८	सीप तालिम प्रदायक संस्थाको पूर्वाधार निरीक्षण/अनुगमन (१५ पटक)
१९	सीप तालिम पाठ्यक्रम परिमार्जन तथा नयाँ पाठ्यक्रमको विकास (टायल मार्बल, व्युटिसियन, फ्रन्ट अफिस, आल्मुनियम फेब्रिकेटर, फर्निचर एण्ड फिक्सचर्स र अफिस सेक्रेटरी गरी ६ वटा नयाँ पाठ्यक्रम विकास र केयर गिभर तथा घरेलु कामदारसम्बन्धी पाठ्यक्रम परिमार्जन समेत गरी ८ वटा पाठ्यक्रमका लागि)
२०	सीप तालिम प्रदायक संस्थाहरूलाई अनुशिक्षण/अन्तरक्रिया/समीक्षा

(घ) वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूका लागि उद्यमशीलताको विकास गरी स्थानीयस्तरमा नै स्वरोजगार बनाउन तथा रोजगारका अवसरहरू सृजना गर्न पुनर्एकीकरण कार्यक्रम परीक्षणको रूपमा कार्यान्वयनमा ल्याईनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
२१	काठमाडौंमा परीक्षणको रूपमा मनोसामाजिक परामर्श सेवा सहितको सेफ हाउस सञ्चालन (१ वटा)
२२	वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूलाई वित्तीय साक्षरता तालिम (२५०० जना)
२३	वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता तालिम (अनुमानित १००० जना)
२४	पूर्व तयारी, स्थानीय तहसँग समन्वय, क्षमता अभिवृद्धि र अनुगमन

(ङ) नियोगसँगको सहकार्यमा विदेशमा कार्यरत कामदारको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य उपचार परामर्श सेवा एवं प्राथमिक स्वास्थ्य परीक्षण कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
२५	लोकप्रिय कलाकारहरू सम्मिलित नाटक वा प्रहर्शनको माध्यमबाट वैदेशिक रोजगारीमा रहेका कामदारहरूलाई व्यक्तिगत सुरक्षा, मनोसामाजिक परामर्श र वित्तीय व्यवस्थापन लगायतका विषयमा सचेतनामूलक कार्यक्रम

२६ स्वास्थ्य विशेषज्ञ समेतबाट गन्तव्य मुलुकहरूमा कामदारको स्वास्थ्य समस्याको अध्ययन (मलेसिया र कतार)

(च) वैदेशिक रोजगारमा संलग्न कामदारहरूको अधिकतम हित र कल्याणका लागि विदेशस्थित नेपाली नियोगहरूसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
२७	विदेशस्थित जेलमा रहेका कामदारका कानूनी प्रतिरक्षा (अनुमानित १०० जना)
२८	नियोगमा रहेका सुरक्षित गृहको सञ्चालनमा सहयोग (६ वटा नियोगमा)
२९	विदेशस्थित नेपाली दुतावासहरूमा स्थानीय जनसम्पर्क सहायक कर्मचारीको व्यवस्थापन (जर्मनी, मलेसिया, साउदी अरवको जेद्दा र रियाद, कतार, यु.ए.ई. र ओमानमा मागका आधारमा)
३०	विदेशमा अलपत्र परेका कामदारको उद्दार/शव झिकाउने काय (२०० जना)
३१	काउन्सेलर/श्रमसहचारीलाई भाषा सम्बन्धी तालिम (१ पटक)
३२	नेपाली कामदार कार्यरत् स्थानमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा समेतको अवस्थाबारे अध्ययन तथा विश्लेषण
३३	दूतावासबाट अनलाईन प्रणालीमार्फत् माग प्रमाणिकरण गर्ने सम्बन्धी सफटवेयरको विकास र संचालनमा सहयोग
३४	कोमामा रहेका विरामीको व्यवस्थापन कार्यक्रम (नेपाल ल्याउन र स्वास्थ्य उपचारमा सहयोग)
३५	इजरायलमा कार्यरत् नेपाली कामदारहरूको हित संरक्षणका लागि सहजीकरण सहयोग कार्यक्रम (१ वटा कार्यक्रम)

(छ) राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको स्थापना गरी सुरक्षित वैदेशिक रोजगारबारे स्थानीय तहमा संचालन गरिने आप्रवासी स्रोत केन्द्रको क्षमता अभिवृद्धि तथा सुरक्षित वैदेशिक रोजगारबारेको सचेतनामूलक सूचना प्रवाह गर्ने कार्यलाई प्रविधिको उच्चतम प्रयोग गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईनेछ ।

क्र.सं.	प्रस्तावित कार्यक्रमहरू
३६	राष्ट्रिय आप्रवासन स्रोत केन्द्र (NMRC) स्थापना र संचालन
३७	कल सेन्टर व्यवस्थापन (१ पटक)
३८	सुरक्षित वैदेशिक रोजगारसम्बन्धी नेपाल टेलिभिजन कार्यक्रम उत्पादन र प्रशारण
३९	वैदेशिक रोजगारसम्वन्धी साप्ताहिक रेडियो नेपालबाट कार्यक्रम उत्पादन र प्रशारण
४०	सुरक्षित वैदेशिक रोजगारबारे जनचेतनामूलक डिजिटल होर्डिङ्ग बोर्ड निर्माण गरी प्रमुख ५ स्थानमा प्रदर्शन (५ वटा)
४१	सुरक्षित वैदेशिक रोजगारसम्बन्धी संचारकर्मीलाई प्रशिक्षण (३ पटक)
४२	वैदेशिक रोजगारसम्बन्धी सन्देशमूलक श्रव्य/दृष्य सामग्री उत्पादन र प्रशारण (५ पटक)
४३	विभिन्न भाषामा सचेतनामूलक सूचना तथा सन्देशहरूको निर्माण गरी केन्द्रीय तथा स्थानीय रेडियो/एफ.एम. बाट प्रशारण (५ पटक)

४४ वैदेशिक रोजगार सम्बन्धी देशगत विवरण/ब्रोसियर/फ्याक्टसिट तथा अध्ययन प्रतिवेदन लगायत अन्य सूचनामूलक सामग्रीको छपाई तथा वितरण (५ पटक)

४५ वैदेशिक रोजगारसम्बन्धी ऐन, नियम, निर्देशिका, मापडण्ड/ कार्यविधीहरूको संशोधन, परिमार्जन र छपाइ (१ पटक)

४६ आप्रवासी कामदार दिवसको अवसरमा अन्तरक्रिया

४७ सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी बार्षिक प्रतिवेदन प्रकाशन, अर्ध वार्षिक जर्नल र मासिक ई-बुलेटिन प्रकाशन तथा वितरण (८ पटक)

४८ सामी परियोजना अन्तर्गत ४ जना क्लष्टर कोअर्डिनेटरको व्यवस्थापन खर्च (१ पटक)

(ज) वैदेशिक रोजगारको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व लगायत अन्य समसामयिक विषयहरूमा अध्ययन अनुसन्धान गरिनेछ ।

क्र.सं. प्रस्तावित कार्यक्रमहरू

४९ वैदेशिक रोजगारमा संलग्न कामदार तथा तिनका परिवारका हितका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहायताको सम्भाव्यता अध्ययन (१ पटक)

५० वैदेशिक रोजगार सम्बन्धी इन्टर्नसीप सहयोग कार्यक्रम (५ जना)

५१ वैदेशिक रोजगारसम्बन्धी विविध विषयमा अध्ययन अनुसन्धान, कार्यदल गठन र विज्ञ परिचालन (३ पटक)

५२ नयाँ गन्तव्य मुलुकको पहिचान/अन्तराष्ट्रिय सभा/सम्मेलन/कार्यक्रममा सहभागिता (३ पटक)

(झ) वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

क्र.सं. प्रस्तावित कार्यक्रमहरू

५३ अनलाईन पद्दतिमार्फत सेवाग्राहीलाई स्थानीय तहसँगको सहकार्यमा आर्थिक सहायता सिधै प्रदान गर्न नयाँ Software को विकास, अभिमुखीकरण तालिम र परीक्षणको रूपमा केही जिल्लाबाट सञ्चालन, सर्भर खरिद एवं सञ्चालित सफ्टवेयरको अद्यावधिक गर्ने (३ पटक)

५४ वैदेशिक रोजगार व्यवसायी संघको सहकार्यमा क्षमता अभिवृद्धि तालिम (२ पटक)

५५ कर्मचारी क्षमता विकास (३ पटक)

५६ वैदेशिक रोजगार कार्यालय सहयोग कार्यक्रम (६ प्रदेश र काठमाडौं कार्यालय) (प्रदेश १ काठमाडौँ १ पटक)

५७ Fair Recruitment तालिम सहयोग कार्यक्रम (२ पटक).

(ञ) बोर्ड सचिवालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने थप जनशक्ति लगायतका व्यवस्थापकीय कार्यहरू कार्यान्वयनमा ल्याईनेछ ।

क्र.सं. प्रस्तावित कार्यक्रमहरू

५८ बजेट तथा कार्यक्रम तर्जुमा बैठक (३ पटक)

५९ बोर्ड बैठक खर्च (६ पटक)

६० अतिरिक्त समयमा कार्य गरेवापत कर्मचारी भत्ता र खाजा खर्च (अर्थ मन्त्रालयको नर्म्स अनुसार) (१० महिना)

६१ जनशक्ति भर्ना खर्च (सूचना प्रकाशन, परीक्षा, अभिमुखीकरण) (३ पटक)

६२ अतिरिक्त जनशक्ति आपूर्ति तथा परिचालन (कानुन, सुचना प्रविधि, बेरुजू) (३ जना)

६३ हलुका सवारी चालक, कार्यालय सहयोगी, पाले/सुरक्षा गार्ड (नियमित)

६४ कल्याणकारी कोष व्यवस्थापन खर्च (८ पटक)

बजेट सारांश :

क	**सि.न. १ देखि ६४ सम्मको कुल प्रस्तावित खर्च**	**१ अर्ब ३० करोड १० लाख**
ख	**पुजीगत खर्च**	**५५ लाख**
ग	**कार्यालय संचालन खर्च**	**८० लाख**
	बोर्डको आ.व.०७६/७७ को लागि अनुमानित खर्च	**१ अर्ब ३१ करोड ५५ लाख**
घ	**नेपाल सरकार स्रोत**	**१ करोड ५० लाख**
	बोर्डको आ.व.०७६/७७ को लागि कुल अनुमानित खर्च	**१ अर्ब ३३ करोड ५ लाख**